नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी भक्तपुर

## आन्तरिक प्रतियोगितात्मक परीक्षाको आधारमा गरिने (२५ प्रतिशत) शिक्षक बढुवाको विज्ञापन- २०८०

(प्रथम पटक प्रकाशित मिति : २०८०/०५/११गते)

सामुदायिक विद्यालयहरुमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार देहायका जिल्ला, तह र श्रेणीमा रिक्त रहेका शिक्षक पदहरूमा आन्तरिक प्रतियोगितात्मक परीक्षाको आधारमा बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएकाले शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम २७ बमोजिम बढुवाको निमित्त सम्भाव्य उम्मेदवारहरुले आयोगको आधिकारिक अनलाइन दरखास्त प्रणाली https://online.tsc.gov.np/ मार्फत अनलाइन दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।अनलाइन दरखास्तमा आवेदन गर्दा व्यक्तिगत विवरण एवम् पेस गरेका कागजातहरु राजस्व दस्तुर बुझाइ सकेपछि परिमार्जन/संशोधन तथा थपघट गर्न नसकिने र **आवेदनकर्ताले राजस्व व्यवस्थापन सूचना प्रणालीबाट सिर्जित सिङ्गल वा दोब्बर दस्तुरको भौचर प्रिन्ट गरेपश्चात तोकिए कै मितिभित्र दस्तुर नबुझाएको अवस्थामा त्यस्ता दरखास्त फाराम अनलाइन प्रणालीबाटै स्वतः *Rejected* हुने व्यहोरा समेत सूचित गरिएको छ ।** व्यक्तिगत विवरण र पेस गर्नुपर्ने कागजातहरु सुनिश्चित गरेर मात्र अनलाइन दरखास्त दिनुहुन तथा पछि फरक परेमा व्यक्ति स्वयम् जवाफदेही र उत्तरदायी हुनुका साथै सो सम्बन्धमा आयोगबाट कुनै पनि कारवाही हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क्र.सं. | जिल्ला | वि.नं. ७/८०/८१ प्राथमिक द्वितीय | वि.नं. ८/८०/८१ प्राथमिक प्रथम | वि.नं. ९/८०/८१ नि.मा. द्वितीय | वि.नं. १०/८०/८१ नि.मा. प्रथम | वि.नं. ११/८०/८१ मा. द्वितीय | वि.नं. १२/८०/८१ मा. प्रथम |
|---|---|---|---|---|---|---|---|
| | | पदसङ्ख्या | पदसङ्ख्या | पदसङ्ख्या | पदसङ्ख्या | पदसङ्ख्या | पदसङ्ख्या |
| | **कोशी प्रदेश** | | | | | | |
| 1 | ताप्लेजुङ | १ | १ | ० | ० | ० | ० |
| 2 | पाँचथर | ३ | १ | ० | ० | ० | ० |
| 3 | इलाम | ५ | २ | ४ | ० | १ | १ |
| 4 | झापा | ३ | १ | १ | ० | ३ | ० |
| 5 | सङ्खुवासभा | ३ | ० | ० | ० | ० | ० |
| 6 | तेह्रथुम | १ | ० | १ | ० | १ | ० |
| 7 | धनकुटा | १ | ० | ० | ० | ० | ० |
| 8 | भोजपुर | ३ | १ | १ | ० | १ | ० |
| 9 | मोरङ | १ | १ | १ | ० | १ | २ |
| 10 | सुनसरी | २ | ० | १ | ० | २ | ० |
| 11 | सोलुखुम्वु | १ | १ | ० | ० | ० | १ |
| 12 | खोटाङ | ३ | ० | १ | ० | १ | ० |
| 13 | ओखलढुङ्गा | ४ | ० | १ | ० | ० | ० |
| 14 | उदयपुर | ४ | १ | ० | १ | ० | ० |
| | **मधेश प्रदेश** | | | | | | |
| 15 | सप्तरी | ० | ० | १ | ० | १ | १ |
| 16 | सिरहा | २ | २ | १ | ० | ० | १ |
| 17 | धनुषा | २ | ० | ० | ० | ० | ० |
| 18 | महोत्तरी | ० | १ | ० | ० | ० | १ |
| 19 | सर्लाही | १ | ० | १ | ० | १ | ० |
| 20 | रौतहट | १ | १ | ० | ० | ० | ० |
| 21 | बारा | ५ | ० | १ | ० | १ | ० |
| 22 | पर्सा | ० | ० | ० | ० | ० | ० |
| | **वागमती प्रदेश** | | | | | | |
| 23 | दोलखा | ३ | ० | ० | ० | ० | ० |
| 24 | रामेछाप | ५ | ० | ० | ० | १ | ० |
| 25 | सिन्धुली | २ | १ | ० | ० | २ | ० |
| 26 | सिन्धुपाल्चोक | ६ | ० | १ | १ | १ | ० |
| 27 | रसुवा | ० | ० | ० | ० | ० | ० |
| 28 | नुवाकोट | ५ | ० | १ | १ | १ | १ |
| 29 | धादिङ | ६ | ० | १ | ० | १ | ० |
| 30 | काभ्रेपलाञ्चोक | २ | १ | ० | ० | १ | ० |
| 31 | भक्तपुर | ५ | १ | ० | ० | १ | ० |
| 32 | काठमाडौं | ११ | १ | १ | ० | १ | १ |
| 33 | ललितपुर | १ | ० | २ | ० | १ | ० |
| 34 | मकवानपुर | २ | ० | ० | ० | ० | ० |
| 35 | चितवन | ५ | १ | २ | ० | १ | १ |
| | **गण्डकी प्रदेश** | | | | | | |
| 36 | नवलपरासी पूर्व | २ | १ | १ | ० | ० | ० |
| 37 | गोरखा | ४ | ० | १ | ० | १ | ० |
| 38 | मनाङ | ० | ० | १ | ० | १ | ० |
| 39 | लमजुङ | १० | १ | १ | ० | १ | ० |
| 40 | कास्की | ४ | १ | ३ | ० | ३ | १ |
| 41 | तनहुँ | ६ | १ | १ | १ | १ | ० |
| 42 | स्याङ्जा | २४ | १ | २ | ० | ० | १ |
| 43 | मुस्ताङ | ० | ० | ० | ० | ० | ० |
| 44 | म्याग्दी | २ | ० | ० | ० | ० | ० |
| 45 | बागलुङ | ७ | १ | १ | ० | १ | ० |
| 46 | पर्वत | ० | ० | १ | ० | ० | ० |
| | **लुम्बिनी प्रदेश** | | | | | | |
| 47 | रुकुम पूर्व | ० | ० | ० | ० | ० | ० |
| 48 | नवलपरासी पश्चिम | ० | ० | ० | ० | ० | ० |
| 49 | पाल्पा | २ | ० | ० | ० | १ | ० |
| 50 | गुल्मी | २ | ० | ० | ० | १ | ० |
| 51 | अर्घाखाँची | ० | ० | ० | ० | ० | ० |
| 52 | रूपन्देही | १ | ० | १ | ० | ० | १ |
| 53 | कपिलवस्तु | ० | १ | ० | ० | ० | ० |
| 54 | रोल्पा | २ | १ | ० | ० | १ | ० |
| 55 | प्यूठान | १ | ० | ० | ० | १ | १ |
| 56 | दाङ | ४ | ० | १ | ० | १ | ० |
| 57 | बाँके | २ | ० | १ | ० | ० | ० |
| 58 | बर्दिया | २ | ० | ० | ० | ० | ० |

उप सचिव

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **कर्णाली प्रदेश** | | | | | | | |
| 59 | रुकुम पश्चिम | १ | १ | ० | ० | ० | ० |
| 60 | सल्यान | १ | ० | १ | ० | ० | ० |
| 61 | हुम्ला | २ | ० | ० | ० | ० | ० |
| 62 | मुगु | ० | ० | १ | ० | ० | ० |
| 63 | डोल्पा | १ | ० | ० | ० | ० | ० |
| 64 | कालिकोट | १ | ० | ० | ० | ० | ० |
| 65 | जुम्ला | ० | ० | ० | ० | ० | १ |
| 66 | जाजरकोट | ३ | ० | १ | ० | १ | ० |
| 67 | दैलेख | ४ | १ | ० | ० | १ | ० |
| 68 | सुर्खेत | २ | ० | १ | ० | ० | ० |
| **सुदूरपश्चिम प्रदेश** | | | | | | | |
| 69 | बाजुरा | १ | ० | ० | ० | ० | ० |
| 70 | बझाङ | १ | ० | ० | ० | ० | ० |
| 71 | अछाम | ० | ० | ० | ० | ० | ० |
| 72 | डोटी | १ | २ | ० | ० | २ | ० |
| 73 | कैलाली | २ | १ | ० | ० | १ | ० |
| 74 | दार्चुला | ० | १ | ० | ० | ० | ० |
| 75 | बैतडी | २ | ० | ० | ० | ० | ० |
| 76 | डडेलधुरा | १ | ० | २ | ० | ० | ० |
| 77 | कञ्चनपुर | ० | १ | ० | ० | ० | ० |
| कुल जम्मा | | **१९७** | **३३** | **४४** | **४** | **४२** | **१५** |

**१. परीक्षाको किसिमः** (क) लिखित
(ख) अन्तर्वार्ता

**२. परीक्षा सञ्चालन :-**

(क) लिखित परीक्षा सञ्चालन हुने मिति र समयः २०८०।०८।०९ गते बिहान ११:०० बजे

(ख) अन्तर्वार्ता हुने मिति, समय र स्थान :- लिखित परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ ।

**३. परीक्षा केन्द्रः** कोशी प्रदेशको मोरङ, मधेश प्रदेशको धनुषा, वागमती प्रदेशको मकवानपुर, गण्डकी प्रदेशको कास्की, लुम्बिनी प्रदेशको दाङ, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा हुनेछ । अन्य विस्तृत जानकारी आयोगको वेबसाइटमा पछि प्रकाशन गरिनेछ ।

**४. दरखास्त दस्तुरः**

| क्र.सं. | पद र श्रेणी | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | प्राथमिक तह, द्वितीय श्रेणी | ७००/- | |
| २ | प्राथमिक तह, प्रथम श्रेणी | १०००/- | |
| ३. | निम्न माध्यमिक तह, द्वितीय श्रेणी | १०००/- | |
| ४ | निम्न माध्यमिक तह, प्रथम श्रेणी | १२००/- | |
| ५ | माध्यमिक तह, द्वितीय श्रेणी | १२००/- | |
| ६ | माध्यमिक तह, प्रथम श्रेणी | १५००/- | |

**५. दरखास्त दिने अन्तिम मितिः** २०८०/०६/०९ गते ।

**६. दोब्बर दस्तुर बुझाइ दरखास्त दिने मितिः** २०८०/०६/१६ गतेसम्म ।

**७. दरखास्तको माध्यमः**

विज्ञापन भएको तहमा अनलाइन दरखास्त प्रणालीमार्फत दरखास्त दिनुपर्नेछ। आयोगको आधिकारिक वेबसाइट https://online.tsc.gov.np/मा Click गरी अनलाइन दरखास्त प्रणालीमार्फत दरखास्त पेस गर्न सकिनेछ र दरखास्त पेस गर्ने विधिसम्बन्धी विस्तृत जानकारी आयोगको Website (add: user manual Link) मा हेर्न सकिनेछ ।

**८. दरखास्त दस्तुर बुझाउने बैंक र विधिः** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फाराम **submit** गर्नुपर्नेछ । फाराम submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भएको त छैन ? एक पटक यकिन गर्ने । यकिन गरिसकेपछि दरखास्त पेस गरेको विवरणमा Click गर्ने । दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा सोही अनुसार विवरण यकिन गर्ने । त्यसपछि आफूले **Apply** गरेको विज्ञापनमा दस्तुर बुझाउन यहाँ क्लिक गर्नुहोस मा **Click** गर्ने | बैंक **Option** मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेडमध्ये कुनै एक **Option** छनोट गर्ने । बैंक छनोट गरिसकेपछि भौचर प्राप्त गर्नुहोस मा **Click** गर्ने | त्यसपछि भौचर प्रिन्ट गरी सोही भौचरसहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्नेछ । **Online payment** गर्नेको हकमा भौचर जेनरेट भएपछि त्यस **Page** मा "अनलाइन भुक्तानी गर्नुहोस" मा **Click** गर्ने । त्यसपछि **online voucher generate** हुन्छ। जसमा रकम भुक्तानी गर्ने विकल्पहरु मध्ये त्यहाँ भएका कुनै एक विकल्प छनोट गरी **Click** गर्ने । तत्पश्चात रकम भुक्तानी गर्नुहोस मा **Click** गर्ने । छनोट गरिएको विकल्पमा **Username and password** हाली **Online Payment** मा आफ्नो नामसहितको विवरण मिलेमा तोकिएको रकम सिङ्गल र दोब्बर दस्तुरको लागि तोकिएको मितिभित्र अनिवार्य रुपमा दाखिला गर्ने । रकम दाखिला भए नभएको यकिन गरी रकम दाखिला (**Payment**) को सत्यापन भएपछि मात्र आफ्नो निवेदन दाखिला भयो भनी सुनिश्चित हुने । प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्नेछ । यसका लागि **आफ्नो इमेल, उम्मेदवार सङ्केत नम्बर र पासवर्ड सुरक्षित** साथ राख्ने ।

**९. दरखास्त दस्तुर बुझाउने अवधिः** दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट अघिल्लो दिनसम्म प्रिन्ट गरेको भौचर बैंकिङ्ग कारोवार हुने समयभित्र र दोब्बर दस्तुर तिरी दरखास्त पेस गर्नेको हकमा सो को अन्तिम दिनको भोलिपल्ट अघिल्लो दिनसम्म प्रिन्ट गरेको भौचरमा उल्लिखित दस्तुर बैंकिङ्ग कारोवार हुने समयभित्र अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ । तर सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बुझाउन सकिनेछ ।

**१०. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः-**

२०७९ चैत्र मसान्तसम्म हाल कार्यरत तहको श्रेणीमा पाँच शैक्षिक सत्रको नोकरी अवधि पूरा गरेको स्थायी शिक्षक हुनुपर्ने छ । तर देहायको अवस्थामा कुनै पनि शिक्षक बढुवाका लागि उम्मेदवार हुन पाउने छैन

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा रोक्का भएको अवधिभर,

(ग) तल्लो पदमा घटुवा गरिएकोमा घटुवा भएको मितिले दुई वर्षसम्म,

(घ) तलव वृद्धि (ग्रेड) रोक्का भएकोमा रोक्का भएको मितिले एक वर्षसम्म ।

तर गयल भएको वा असाधारण बिदा लिएको भए सो अवधि कट्टा गरी कम्तिमा पाँच शैक्षिक सत्र पूरा भएको हुनु पर्नेछ ।

**११. अपलोड गर्नुपर्ने कागजातहरुः-** हालसालै खिचेको फोटो, दस्तखत नमुना, न्यूनतम योग्यताको लब्धाङ्कपत्र, तालिमको प्रमाणपत्र ,सेवा अविच्छिन्नता फाराम र समकक्षता प्रमाणपत्र (बिदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको हकमा) Scan गरी अनलाइन दरखास्त प्रणालीले निर्दिष्ट गरेको स्थानमा jpeg/jpg format (**बढीमा 200 KB**) मा upload गर्नुपर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरण र पेस गरिएका कागजातका सम्बन्धमा उम्मेदवार स्वयम् नै पूर्ण जवाफदेही हुनु पर्नेछ र उल्लेखित विवरण एवम् कागजात झुट्टा ठहरेमा त्यस्तो दरखास्त वा अध्यापन अनुमतिपत्र जुनसुकै समयमा पनि रद्द हुनेछ ।

उप सचिव

नेपाल सरकार शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुर २०५६

१२. थप जानकारी :-

(क) शिक्षक सेवा नियमावली, २०५७ को नियम ९ को उपनियम (७) बमोजिम नियुक्त भएका शिक्षकले सोही नियमको उपनियम (८) र (९) बमोजिम शिक्षा विषयमा कम्तिमा १० महिना वा सो सरहको तालिम नलिएको भए यस विज्ञापनमा उम्मेदवार हुन सक्ने छैन।

(ख) बढुवाको प्रतिस्पर्धा जिल्लास्तरमा हुनेछ ।

(ग) उम्मेदवारले आफू कार्यरत जिल्लाबाट प्रतिस्पर्धा गर्नुपर्नेछ ।

(घ) नोकरीको जेष्ठता २०७९ चैत्र मसान्त र शैक्षिक योग्यता तथा तालिमको अङ्कको गणना दरखास्त दिने अन्तिम मितिसम्मको मात्र हुनेछ ।

(ङ) संविधान, ऐन, नियमहरू परीक्षाको मितिभन्दा तीन महिना अगाडि संशोधन भई हटाइएको वा थप गरी कायम राखिएको भए यस परीक्षाको पाठ्यक्रममा समावेश भएको सम्झनु पर्नेछ ।

(५) पाठ्यक्रम आयोगको वेबसाइट www.tsc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

नेपाल सरकार शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुर २०५६

उप सचिव